नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
कावासोती, नवलपरासी (ब.सु.पू.)

फोन नं. ०७८-५४११२३, ९८५७०८७०३१
ईमेल:- pmamp.piu.nawalparasieast@gmail.com

प.सं.: ०७७/७८
च.नं.: १२२

मितिः २०७७/०७/२०

**विषयः जानकारी तथा आवश्यक सहजिकरण सम्बन्धमा।**

श्री देवचुली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
दलदले, नवलपरासी (ब.सु.पूर्व)।

प्रस्तुत विषयमा, न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका २०७७ नेपाल सरकारबाट मिति २०७७/०७/०४ मा स्वीकृत भएको र चालू आ.व. २०७७/७८ मा जिल्लास्तरमा कार्यान्वयनको लागि परियोजना कार्यान्वयन इकाईबाट सहजीकरण, समन्वय तथा सहकार्य गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई, ललितपुरको च.नं. ३६४ मिति २०७७/०७/१७ को पत्रानुसार प्राप्त निर्देशन बमोजिम जिल्लास्थित सहकारीहरुलाई न्यूनतम समर्थन मूल्यमा धान खरिद गर्न/गराउन यस कार्यालयबाट जारी गरिएको सूचना यसै पत्रसाथ संलग्न राखी पठाइएको हुँदा जानकारी एवं आवश्यक सहजिकरणका लागि अनुरोध छ।

विष्णुप्रसाद शर्मा
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)

देवचुली नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
दर्ता नं. :- ५२९
मिति :- २०७७/७/२३

नेपाल सरकार
कृषि तथा पशुपंक्षी विकास मन्त्रालय
प्रधानमन्त्री कृषि आधुनिकिकरण परियोजना
परियोजना कार्यान्वयन इकाई
कावासोती, नवलपरासी (ब.सु.पू.)

फोन नं. ०७८-५४११२३
९८५७०८७०३१
ईमेल: -pmamp.piu.nawalparasieast@gmail.com

प.सं. २०७७/७८
सूचना नं. ९

## न्यूनतम समर्थन मूल्यमा धान खरिद तथा व्यवस्थापन कार्यक्रम संचालन सम्बन्धी सूचना

प्रथम पटक प्रकाशित मिति २०७७/०७/१९

न्यूनतम समर्थन मूल्यमा धान खरिद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका २०७७ नेपाल सरकारबाट मिति २०७७/०७/०४ मा स्वीकृत भएको र जिल्लास्तरमा कार्यान्वयनको लागि परियोजना कार्यान्वयन इकाईबाट सहजीकरण, समन्वय तथा सहकार्य गर्न प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना, परियोजना व्यवस्थापन इकाई, ललितपुरको च.नं. ३६४ मिति २०७७/०७/१७ को पत्रानुसार प्राप्त निर्देशन बमोजिम तपशिल बमोजिमका कार्यहरु गर्नुहुन/गराउन सहजिकरण गर्नु हुन सम्बन्धित सबै सहकारीहरुलाई अनुरोध छ।

**तपसिलः**

- नवलपरासी (ब.सु.पूर्व) जिल्लाभित्र धान खरिद गर्न चाहने सहकारी संस्थाहरुको पायकका स्थानीय तह तथा वडाहरु समेत खुल्ने गरी क्षेत्र निर्धारण गर्ने।
- धान उत्पादकहरुको विवरण संकलन गरी धानको अनुमानित परिमाणको एकीकृत विवरण परियोजना कार्यान्वयन इकाई, नवलपरासी बर्दघाट सुस्ता पूर्वमा उपलब्ध गराउनु पर्ने।
- नेपाल सरकारले निर्धारण गरेको धानको न्यूनतम समर्थन मूल्य ***मोटा धान रु.२७३५ र मध्यम धान रु.२८८५ प्रति क्विन्टलका*** दरले खरिद गर्ने व्यवस्था मिलाउने।
- सहकारी संस्थाले धान खरीद गर्दा बढिमा १८ प्रतिशतसम्म चिस्यान भएको धान न्यूनतम समर्थन मूल्यमा खरिद गर्नु पर्ने र उपरोक्त भन्दा बढी चिस्यान भएमा प्रति एक प्रतिशत बढी चिस्यान बराबर १२०० ग्राम प्रति क्विन्टलका दरले हुन आउने तौललाई घटाई कायम हुन आउने तौलका आधारमा खरीद गर्ने।
- सहकारी संस्थाहरुले उत्पादकहरुबाट धान खरीद गरेको मितिले १५ दिनभित्र सम्बन्धित बैंक खातामा रकम भुक्तानी गर्नु पर्ने।
- खरीद कार्य निर्देशिका बमोजिम सम्पन्न भए पश्चात् धानको भण्डारण, सुरक्षा र प्याकेजिंग लगायतको व्यवस्थापकीय खर्च वापत प्रति क्वीन्टल ११२ रुपैयाका दरले सम्बन्धित सहकारीको बैंक खातामा नेपाल सरकारबाट रकम उपलब्ध गरिने।

अन्य व्यवस्था न्यूनतम समर्थन मूल्यमा धान खरीद र व्यवस्थापन गर्ने सम्बन्धी निर्देशिका २०७७ बमोजिम हुने समेत जनकारी गराइन्छ।

नोटः अन्य थप जानकारीका लागि परियोजना कार्यान्वयन इकाईको कार्यालय, नवलपरासी ब.सु.पू. को सम्पर्क नं. ०७८-५४११२३ वा मोबाइल नं. ९८५७०८७०३१ मा सम्पर्क गर्नु हुन अनुरोध छ।

विष्णुप्रसाद शर्मा
वरिष्ठ कृषि अधिकृत
रा.प.द्वि.(प्रा.)